Email Id : harinagargapa@gmail.com
website : www.harinagaramun.gov.np

हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरिनगर, सुनसरी
प्रदेश नं. १

visit nepal 2020

प.स.२०७६/०७७ मिति२०७६/१०/०७
चलानी न.: १०८९

## समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना
### (प्रकाशित मिति २०७६।१०।०७)

यस हरिनगर गाउँपालिका गाउँ कार्यपालिका, प्रदेश सरकार र करुणा फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागिएको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आह्वान गरिएको छ। हरिनगर गाउँपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो को साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस हरिनगर गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाईएको दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुनै छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिल:

१. विज्ञापन नं. १ पद र माग संख्या:

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | सा.वि १ ०७६/७७ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (खुल्ला तर्फ) | १ जना |
| २. | सा.वि १ ०७६/७७ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता (अपाङ्गता तर्फ) | १ जना |

२. सेवाको किसिम: अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव:

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. वा सी.एम.ए. वा सो सरह उत्तिर्ण गरी कार्यानुभव हासिल गरेको,

(ख) कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान भएको,

(ग) स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएको।

४. तलब, सुविधा तथा अन्य सेवा शर्त: मासिक रु १५,०००।- (पन्ध्र हजार रुपैया मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. उम्मेदवारको उमेर: (क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०७६/१०/२२) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०७६/१०/२२) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

६. उम्मेदवारको छनौट विधि: लिखित, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तरवार्ता।

७. फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान: हरिनगर गाउँपालिकाको कार्यलयबाट दरखास्त फारम प्राप्त गरी उक्त फारम हरिनगर गाउँपालिकाको कार्यलय स्वास्थ्य ईकाईमा बुझाउनु पर्ने।

८. परीक्षा दस्तुर: खुलातर्फ रु ३००।-(तीन सय रुपैया मात्र) र खुलासँगै समावेशी (अपाङ्गता भएको व्यक्तिको लागि मात्र) सिटमा थप रु १००।-(एक सय रुपैया मात्र)

९. परीक्षा दस्तुर बुझाउने प्रकृया: हरिनगर गाउँ पालिकाको बैंक खातामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारम साथ पेश गर्नुपर्नेछ।

१०. दरखास्त फारम भर्ने मिति: मिति २०७६।१०।०७ देखी २०७६।१०।२२ गते अपरान्ह ३:०० बजे सम्म।

११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थान: दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको तीनदिन भित्र टेलिफोन गरी जानकारी गराईनेछ। साथै गाउँपालिकाको सूचनापाटिमा टाँस गरिनेछ।

१२. पाठयक्रम: दरखास्त फारमसँगै प्राप्त गर्न सकिने।

१३. शैक्षिक योग्यता अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०७६।१०।२२) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१४. विशेष व्यवस्था: समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ताहरुको छनौट पश्चात दुई(२) महिनाको समुदायमा आधारीत पुनर्स्थापना तालिम हुनेछ। तालिम अवधिभर तलब पारिश्रमिक पाइने छैन।

१५. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार हरिनगर गाउँपालिकालाई हुनेछ।

१६. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा हरिनगर गाउँपालिकाको कार्यालयको निम्न टेलिफोन नं. ९८४२०५८५७२, ९८११३३०७९५ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत